मष्टा गाउँपालिकाको

आर्थिक वर्ष २०८०/०८१ को

# नीति तथा कार्यक्रम

गाउँपालिका अध्यक्ष ज्ञान वहादुर बोहराज्यूबाट

२०८० साल असार १० गते आईतवारका दिन

गाउँसभामा प्रस्तुत

मष्टा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
भातेखोला, बझाङ्ग

गाउँसभाका सदस्यहरु,

उपस्थित गाउँपालिकाका उपाध्यक्ष, गाउँसभाका सदस्यहरु, प्रमुख प्रशासकीय अधिकृत, कर्मचारी साथीहरु, पत्रकार बन्धु, सुरक्षाकर्मी तथा उपस्थित सम्पूर्ण महानुभावहरु, सर्वप्रथम मष्टा गाउँपालिकाको गाउँसभाको आठौं अधिवेशनमा हार्दिक स्वागत गर्दछु ।

मष्टा गाउँपालिकाको आर्थिक वर्ष २०८०/०८१ को नीति तथा कार्यक्रम, यस गरिमामय सभा समक्ष प्रस्तुत गर्न पाउँदा मलाई अत्यन्तै खुसी लागेको छ । मुलुकको शासन प्रणाली र समाजको अग्रगामी रुपान्तरणका लागि भएका ऐतिहासिक जनआन्दोलन तथा सशस्त्र संघर्ष लगायतका विभिन्न आन्दोलनका क्रममा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात-अज्ञात शहीदप्रति उच्च सम्मानका साथ भावपूर्ण श्रदाञ्जली अर्पण गर्दछु ।

सार्वभौमिकता, भौगोलिक अखण्डता, राष्ट्रिय एकता, स्वाधीनता र स्वाभिमानको कठिन परिस्थितिमा त्याग र नेतृत्व गर्नुहुने सम्पूर्ण देशभक्त नागरिकले राष्ट्र निर्माणमा पुऱ्याएको योगदानप्रति उच्च सम्मान व्यक्त गर्दछु । गाउँवस्तीको विकास र गाउँपालिकाले अवलम्वन गरेका नीति तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयन गर्न सहयोग गर्नुहुने मष्टावासी दाजुभाई तथा दिदिबहिनीहरुलाई हार्दिक आभार व्यक्त गर्दछु ।

**गाउँसभा सदस्यहरु,**

आर्थिक बर्ष २०७९।०८० को बार्षिक नीति तथा कार्यक्रम कार्यान्वयन भएको प्रगति गाउँपालिकाको बार्षिक प्रगति प्रतिवेदनमा प्रस्तुत हुने नै हुँदा वर्तमान सरकार गठन भएपश्चात प्रारम्भ गरिएका केही महत्वपूर्ण पहल तथा उपलव्धी संक्षेपमा पस्तुत गर्दछु ।

१. वर्तमान स्थानीय सरकार गठन भएको एक वर्षको अवधिमा सुशासन, शासकीय सुधार र विकास प्रशासन कार्यमा सुधारात्मक परिणाम क्रमशः देखिन थालेको छ ।

२. एक वर्षको अवधिमा वार्षिक विकास कार्यक्रमको पहिचान, प्राथमिकीकरण र छनौट प्रक्रियामा अवलम्बन गरेको विधि र प्रक्रियाहरुमा संस्थागत रुपमा सकारात्मक सुधार भएको देखिन्छ ।

३. स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन (LISA) र स्थानीय तह वित्तीय सुशासन जोखिम मूल्याङ्कन (FRA) का सूचकहरुमा देखिएको उत्कृष्ठ नतिजाले मष्टा गाउँपालिकाको सुशासन, जवाफदेहिता र शासन प्रणालीमा उत्साहजनक सुधारहरु देखिन थालेका छन् ।

४. गाउँपालिकाले संचालन गरेका भौतिक पूर्वाधार, स्थानीय आर्थिक तथा सामाजिक विकास, कृषि, शिक्षा र स्वास्थ्यका क्षेत्रमा देखिएका उपलव्धी हासिल गर्न अवलम्वन गरेका कार्यदिशा र शैली उत्साहजनक छ । जसको परिणाम विकास निर्माणमा क्रमिक सुधारहरु देखिन थालेका छन् ।

५. लामो समयदेखि निर्माण प्रगति नभएका विकास आयोजनाको स्थलगत अनुगमन गरी आयोजनाको शीघ्र कार्यान्वयनमा जोड दिइएको छ । विकास आयोजना कार्यान्वयनमा आर्थिक अनुशासन कायम राख्न बजेट खर्च प्रणालीमा सुधार गरिएको छ ।

६. समग्र कृषि क्षेत्रको विकासका लागि रैथाने तथा उन्नत बालीहरुको संरक्षण, उत्पादन, प्रवर्द्धन र बजारीकरणमा नयाँ आयामको थालनी भएको छ साथै बाली र पशुहरुमा देखिएको रोग नियन्त्रण, नश्ल सुधार जस्ता कुराहरुमा उत्साहजनक उपलव्धी हासिल भएको देखिन्छ ।

७. समुन्नत गाउँपालिका निर्माणका लागि संघ, प्रदेश र विभिन्न विकास साझेदारहरुसँग समन्वय र परामर्श गरिएको छ ।

८. वर्तमान स्थानीय सरकारले विकास प्रशासन र शासकीय अभ्यासमा रहेका विगतका कमिकमजोरीहरुलाई सुधार गरी दिगो सुशासन र विकासको प्रत्याभूति दिलाउन गाउँपालिका क्रियाशिल रहेको छ। यसबाट आम जनमानसमा सुशासन र विकासको आशा र भरोसाको सञ्चार भएको छ ।

९. स्थानीय सरकारको दक्षता र स्रोतसाधनको प्रचुर उपलव्धता नभएको परिप्रेक्ष्यमा नागरिकका असीमित आवश्यकता र विकासप्रतिको तीव्र चाहना सम्वोधन गर्नु चुनौतीपूर्ण रहेको छ । विद्यमान चुनौती सामना गर्दै छरिएका गाउँवस्तीहरु, भिरालो भूभाग, भूक्षयले क्षतविक्षत जमिन, वेरोजगारी युवाहरुले थलिएको मष्टा गाउँपालिकालाई जुरुक्क उठाएर विकासका लक्ष्य क्रमश: हासिल गर्ने दिशातर्फ प्रस्तुत नीति तथा कार्यक्रम परिलक्षित छ ।

१०. नेपालको संविधान, संघ, प्रदेश र स्थानीय सरकारका आवधिक योजना, दिगो बिकासको लक्ष्य लगायतका अन्तराष्ट्रिय प्रतिवद्धता, हालसम्म प्राप्त उपलव्धी तथा अनुभव, स्रोत साधनको उपलव्धता, गाउँपालिकाको आवश्यकता एवम् नागरिकको माग र चाहनालाई मार्गदर्शनको रुपमा लिई स्थानीय सरकारले प्रस्तुत नीति तथा कार्यक्रम तयार गरेको छ ।

११. मष्टा गाउँपालिकामा आर्थिक विकास, सामाजिक विकास, पूर्वाधार विकास, कृषि, वन तथा वातावरण, सुशासन तथा संस्थागत विकास, स्थानीय स्रोतमा आधारित उद्यमशिलता विकास र रोजगारी सृर्जना, गरिबी न्यूनीकरणलाई प्राथमिकतामा राखेर आ.व. २०८०।०८१ का प्रमुख कार्यक्रमहरु तय गरेको छु ।

**सभा सदस्यहरु,**

नेपालको संविधान, प्रचलित कानुनी व्यवस्था, राष्ट्रिय, प्रदेश र स्थानीय नीति, योजना र लक्ष्य तथा स्थानीय अनुभव तथा सिकाई आदिका आधारमा नीति तथा कार्यक्रम तर्जुमा गरिएको छ । अव, म मष्टा गाउँपालिकाको आर्थिक वर्ष २०८०।०८१ को वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्दछु ।

१) मष्टा गाउँपालिकालाई अध्यारोमुक्त र उज्यालो युक्त गाउँपालिकाको अभियानलाई साकार पार्न मष्टा गाउँपालिकामा राष्ट्रिय प्रसारण लाईनको विस्तार कार्यलाई तिव्रता दिन आवश्यक पहल गरीनेछ ।

२) भौगोलिक कठिनाई, आर्थिक अभावका बावजुत जनताको जनजीवनलाई सहज तुल्याउनका लागि प्रदेश र संघीय सरकारसँग समन्वय गरी गाउँपालिका र

गाउँपालिका देखि हरेक वडा तथा वस्तीहरुमा सडक संजालको विस्तार तथा स्तरोन्नती गर्ने व्यवस्था मिलाइनेछ ।

३) गाउँपालिका भित्र रहेका नदि तथा खोलाहरुमा सहज आवतजावतका लागि गाउँपालिका क्षेत्रभित्र रहेका धनातोली, मजेरीधाट, खिकाली गाड र समदेउ सेती नदीमा झोलुंगेपुल निर्माण गरिनेछ भने अन्य स्थानहरुमा झोलुंगेपुलको संभाव्यता अध्ययन प्रक्रिया अगाडी वढाईनेछ ।

४) निर्माणाधीन वडा कार्यालयहरुको निर्माण कार्यलाई निरन्तरता, अन्य वडा कार्यालय र गाउँपालिकाको प्रशासनिक भवन निर्माण गर्ने कार्यलाई अघि वढाइनेछ ।

५) मष्टा गाउँपालिकाका धेरै जसो गाउँवस्तीहरुमा खानेपानीको अभाव छ । सो अभावलाई अन्त्य गर्न वडा नं. १ र २ मा संचालित एक घर एक खानेपानीको धारा निर्माण परियोजनालाई निरन्तरता दिदै अन्य वडाका वस्तीहरुमा क्रमशः शुद्ध खानेपानी उपलव्धता गराइने व्यवस्था मिलाईनेछ ।

६) गाउँपालिमा सञ्चालन भएका सम्पूर्ण योजना र आगामी वर्षका लागि छनौट भएका आयोजनाहरुलाई एकिकृत गरी योजना तथा आयोजनाहरु सञ्चालनका लागि योजना बैंक (Project Basket ) को स्थापना गरिनेछ ।

७) मष्टा गाउँपालिका जल, जंगल, वन्यजन्तु, जडिबुटी र सुन्दर पर्यटकीय स्थलहरुको भण्डार भएको हुँदा उक्त सम्पदाहरुको संरक्षण, व्यवस्थापन तथा समयानुकूल उत्खनन/प्रयोग गरी स्थानीय जनतालाई प्रत्यक्ष रुपमा लाभ प्रदान गरिने व्यवस्था मिलाईने छ ।

८) गाउँपालिका देखि हरेक वडाका वस्तीहरुमा जोड्ने सडक निर्माण, वस्ती सुधार कार्यक्रम, पर्यटकीय पदमार्ग, ढडार मष्टा मन्दिरको पुननिर्माण, मालिका र तपोवन धार्मिक तथा पर्यटकीय क्षेत्रको विकास, औद्योगिकग्राम र खेलग्राम निर्माण कार्यलाई पालिका गौरवका योजनाहरुको रुपमा कार्यान्वयन गरिनेछ ।

९) विद्यालयको शैक्षिक गुणस्तर वृद्धि गर्न शिक्षकलाई समयानुकुल तालिम, सर्न्दभ र शैक्षिक सामाग्रीको व्यवस्था, स्थानीय पाठ्यक्रम र पाठ्यपुस्तक निर्माण, विद्यालयहरुका वीच प्रतिस्पर्धी वातावरणको सृजना, विद्यार्थी शिक्षक अनुपात गणना

गरी करार तथा स्वयंसेवक शिक्षक कर्मचारीको नियुक्ति, विद्यालय समायोजन र दरवन्दी मिलान गर्ने नीति अवलम्वन गरिनेछ ।

१०) गाउँपालिका क्षेत्रभित्र रहेका विद्यालयलाई निर्दिष्ट सूचकका आधारमा समग्र शैक्षिक क्षेत्रको मुल्याङ्कन गरी उत्कृष्ट विद्यालय, प्र अ, शिक्षक र कर्मचारी घोषणा गरी मष्टादेव शैक्षिक अवार्डबाट सम्मान गरीनुका साथै, कक्षा आठ, एसइइ, कक्षा १२ र प्राविधिक क्षेत्रमा उत्कृष्ठ हुने विद्याथीहरुलाई उत्कृष्ठ विद्यार्थी अवार्ड बाट पुरस्कृत गरीनेछ ।

११) शिक्षण सिकाईमा प्रविधिको प्रयोगका लागि सवै विद्यालयहरुमा आधारभूत प्रविधिको जडान, इन्टरनेट सेवा तथा माध्यमिक विद्यालयका सवै क्रियाकलापहरु प्रविधि मार्फत हुनेगरी द्रुत गतिको इन्टरनेट सेवाको विस्तार गरिनेछ ।

१२) उच्च शिक्षा हासिल गर्न चाहने टुहुरा, दलित, अनाथ, विपन्न तथा जेहन्दार विद्यार्थीहरुको एमविविएस (MBBS) अध्ययनमा सहयोग पुऱ्याउनका लागि अध्यक्ष छात्रवृत्ति अक्षय कोष कार्यक्रमलाई कार्यान्वयनमा लाईनेछ । उक्त कोषबाट एमविविएस (MBBS) अध्ययन गर्नेहरुलाई निर्देशिका वमोजिम खर्च गरिनेछ ।

१३) शिक्षा योजना निर्माण, शैक्षिक क्यालेण्डरको प्रभावकारी कार्यान्वयन, मुल्याङ्कन र परीक्षा प्रणाली जस्ता वार्षिक शैक्षिक क्रियाकलायहरुमा एकरुपता कायम गरीनेछ । विद्यालयमा दिवा खाजा, स्वास्थ्य, पोषण लाई व्यवस्थित गरिनेछ ।

१४) अध्ययन संस्कृतिको विकास गर्न, असल सिकाईको आदानप्रदान गर्न र ज्ञानको दायरा बढाउनका लागि गाउँपालिकाको पायक पर्ने स्थानमा सुविधा सम्पन्न पुस्तकालयको स्थापना गरिनुका साथै थप सामुदायिक सिकाई केन्द्रको स्थापना र सञ्चालनमा रहेका सामुदायिक सिकाई केन्द्रलाई व्यवस्थित गरिनेछ ।

१५) शिक्षालाई गुणस्तरीय, जीवन उपयोगी र आजको आवश्यकता अनुसार संचालन गर्न विद्यालय व्यवस्थापन समिति, शिक्षक, अभिभावक र विद्यार्थी र अन्य सरोकारवालाहरुलाई जिम्मेवार वनाउने नीति अवलम्वन गरिनेछ । यसका लागि **"म बनाउँछु, मेरो विद्यालय"** कार्यक्रमलाई अभियानका रुपमा सञ्चालन गरिनेछ ।

१६)  आ व २०८०/८१ लाई शिक्षा क्षेत्रमा शैक्षिक सुसाशन सुधार वर्षको रुपमा धोषणा गरी विद्यालय शिक्षाका हरेक पक्षमा प्रचलित कानुनको पालना, विद्यालय अनुगमन तथा सुपरीवेक्षण संयन्त्रको विकास गरी अनुगमन प्रतिवेदनका आधारमा विद्यालयलाई पृष्ठपोषण सहित प्रोत्साहन तथा अनुदानको व्यवस्था मिलाइनेछ ।

१७)  आमा बुबा नभएका ६ वर्षदेखि १६ वर्ष उमेर समुहका टुहुरा वालवालिकाको पठनपाठनमा सुनिश्चिता गर्न आवश्यक व्यवस्था मिलाइनेछ ।

१८)  गाउँपालिकामा एउटा खेलकुद विकास समिति गठन गरिनेछ। उक्त समिति मार्फत "**स्वास्थका लागि खेलकुद राष्टका लागि खेलकुद"** भन्ने नारालाई साकार पार्न खेलाडीहरु उत्पादनमा जोड दिदै राष्ट्रपति रनिङ्ग शील्ड र गाउँपालिका अध्यक्ष कप जस्ता खेलकुद प्रतियोगिता लगायत अन्य अतिरिक्त क्रियाकलापहरुलाई निरन्तरता दिने नीति लिईने छ ।

१९)  पहिरोबाट जोखिमयुक्त स्थानहरुमा व्यापक वृक्षारोपण, जलवायु अनुकूलन कृषि क्षेत्रको विकास, गाउँघर सरसफाई तथा स्वच्छता कायम, विपद् व्यवस्थापन र समाजमा रहेका विकृति र विसंगतिका विरुद्धमा लड्ने सक्षम नागरिक निर्माण गर्नका लागि विद्यालय गाउँपालिका साँझेदारी कार्यक्रम संचालन गर्ने नीति अवलम्वन गरिनेछ ।

२०)  गाउँपालिका भित्रका सुकुम्वासी, घरवारविहीन र खरको छानो भएका परिवारका लागि जस्तापाताको घर निर्माण गर्ने सुरक्षित आवास कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

२१)  गरिबी न्यूनीकरणका लागि अध्यक्ष उद्यमशिल कार्यक्रम र पहिरो नियन्त्रणका लागि उपाध्यक्ष वृहत वृक्षारोपण कार्यक्रम संचालनमा ल्याइने व्यवस्था गरिएको छ ।

२२)  मष्टा वासीलाई स्वास्थ सेवाको पहुँच उपलव्ध गराउन आधारभूत स्वास्थ्य सेवा केन्द्र, स्वास्थ्य चौकी र वर्थिङ्ग सेन्टरबाट गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्नका लागि आवश्यक औषधि, Community Drugs Program तथा उपकरण खरिदका लागि आवश्यक बजेटको व्यवस्था गरिनुका साथै प्रत्येक बस्तीमा नियमित गाउँघर क्लिनिक कार्यक्रम र सामुदायिक स्वास्थ्य केन्द्र सञ्चालनमा ल्याईनेछ ।

२३) सामान्य खालका रोग लाग्दा गाउँपालिका भन्दा बाहिर उपचारका लागि जाने प्रवृत्तिलाई अन्त्य गर्नका लागि गाउँपालिका केन्द्रमा टेक्निकल ल्याव सहितको दक्ष जनशक्ति भएको १० सैयाको अस्पताल निर्माण गरिनेछ ।

२४) नागरिकलाई सर्वसूलभ तरिकाले स्वास्थ्य सेवा उपलव्धताका लागि एम्बुलेन्स सेवा सञ्चालनको व्यवस्था गरिको हुँदा उक्त सेवा जोखिममा परेका सुत्केरी आमाहरु र दुर्घटनामा परेका घाईतेहरुलाई निशुल्क **एम्वुलेन्स सेवा** उपलव्ध गराउने व्यवस्थालाई निरन्तरता दिईएकोछ ।

२५) ज्येष्ठ नागरिक, असाहाय, अपाङ्ग, एकल महिला तथा पुरुष, गर्भवती महिला तथा बालबालिकाको स्वास्थ्य स्थिति सुधारका लागि आवश्यक घुम्ती शिविर सेवा सञ्चालनका साथै शहीद परिवार र HIV AIDS संक्रमितहरुलाई आयमुलक कार्यमा संलग्न गराउनका लागि आवश्यक व्यवस्था गरिएको छ ।

२६) विभिन्न राष्ट्रिय अभियानहरु भिटामीन, खोप, औषधी वितरण, परिवार नियोजन सेवालाई सुलभ, भरपर्दा र प्रभावकारीरुपमा जनताको घरदैलोमा पुऱ्याउन स्वास्थ्य स्वयंसेवीकाहरुलाई आधुनिक प्रविधिसंग जोडेर कार्य गर्ने व्यवस्था मिलाइनेछ ।

२७) परम्परागत चिकित्सा आयुर्वेदका क्षेत्रमा काम गरिरहेका बैद्यहरुको क्षमता अभिवृद्धि गरी आवश्यक चिकित्सा सामाग्रीहरुको उपलब्धता गर्नुका साथै आयुर्वेद तथा योग शिक्षालाई जीवन उपयोगी शिक्षाकारुपमा प्रयोग गर्ने र स्थानीय स्तरमा उपलब्ध औषधीजन्य जडिवुटीबाट औषधी उत्पादन र ब्राण्डिङ्ग गर्ने नीति अवलम्वन गरिनेछ ।

२८) सुत्केरी महिला, वालवालिका र गाउँपालिकाका सम्पूर्ण नागरिकहरुलाई शारीरिक, मानसिक, आर्थिक र सामाजिकरुपमा सवल बनाउनका लागि बहु क्षेत्रिय पोषण कार्यक्रम लगायतका क्रियाकलापलाई निरन्तरता दिने व्यवस्था मिलाईनेछ ।

२९) मष्टा गाउँपालिकाका विभिन्न वडाहरुमा माटो परीक्षण गरी माटो सुहाउदो विभिन्न पकेट क्षेत्र (फलफूल, तरकारी, तलहन, आलु, मसला, नगदे तथा खाद्यान्न वालि) को रुपमा विकास गरी कृषिमा आत्मनिर्भर कार्यक्रम संचालन गर्ने नीति अवलम्वन गरिएको छ ।

३०) संघीय सरकारले औषधीजन्य प्रयोजनका लागि भाङ्गो खेतीको अध्ययन, अनुसन्धान गर्ने नीति लिएको परिप्रेक्षमा स्थानीय सरकारले उक्त नीतिलाई अनुसरण गर्दै भाङगोबाट घरेलु कपडा र औषधीजन्य प्रयोग र स्थानीय आर्थिक विकासको सवलीकरण तथा भाङ्गगो उत्पादन गर्नका लागि आवश्यक पहल गर्ने नीति लिएको छ ।

३१) नवप्रवर्तन साझेदारी कोष अन्तर्गत सञ्चालित परियोजनाको उद्देश्य प्राप्तीका लागि नियमित अनुगमन, मूल्याङ्कन तथा मार्गदर्शनका साथै स्थानीय स्तरमा उत्पादित रैथाने बालीहरु (जौं, उवा, कोदो, चिनो, कागुनो, फापर, सिमी आदि) को संरक्षण गर्न रैथाने बाली वीउ वैङ्कको स्थापना गरिनेछ । उक्त वीउ बैंकमा रैथाने वालीहरुको संकलन र भण्डारण गर्ने व्यवस्था मिलाइनेछ ।

३२) मौसमी तथा बेमौसमी तरकारी तथा फलफूल उत्पादन गर्ने कृषकहरुलाई प्रोत्साहन दिने कार्यक्रम संचालन गर्नुका साथै त्यस्ता फलफूल तथा तरकारी उत्पादन गर्ने कृषक तथा कृषक समुहहरुलाई आवश्यक विउविजन, कृषि औजार तथा उपकरण, तालिम र भ्रमणका लागि आवश्यक बजेटको व्यवस्था गरिनेछ ।

३३) तीनै तहका सरकार, निजी क्षेत्र र विभिन्न राष्ट्रिय र अन्तराष्ट्रिय संघसंस्थासंगको साझेदारीमा भेडा, च्याँग्रा, बाखा, कुखुरा र खरायो पकेट तथा उत्पादन केन्द्रको रुपमा विकास गर्दै कृषि र पशुपंक्षीमा आधारित उद्योगको स्थापना र संचालन गरी गरिबी न्युनीकरण गर्ने नीति लिइएको छ ।

३४) पशुपंछीका संक्रामक रोगहरुको न्युनिकरण गरि कृषकको उत्पादन लागत घटाउन तथा आम्दानी बढाउन सातै वडाहरुमा स्थापना भएका पशुपंक्षी उपचार केन्द्रहरुलाई निरन्तरता दिईने छ ।

३५) व्यवसायिक पशुपन्छीपालनमा आहारा विकास तथा नश्ल सुधारका क्रियाकलापहरुलाई निरन्तरता दिईनुका साथै उन्नत खालका पशुपन्छीहरु खरिद,ढुवानी गरी व्यवसायिक रुपमा पशुपालन गर्ने इच्छुक कृषक तथा कृषक समुहलाई वितरण गर्नका लागि आवश्यक बजेटको व्यवस्था गरिनेछ ।

३६) कृषि उत्पादन र पशुपालनको विकास गरी मष्टा गाउँपालिलाई तरकारी, आलु, दुध, मासु, अण्डा, दलहन, तेल र घ्यूमा आत्मनिर्भर बनाईने छ। सोका लागि आवश्यक बजेटको व्यवस्था मिलाइने छ।

३७) कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व वृद्धिका लागि दँगाडे किनाडा सिचाई, दोभँगाले दय सिंचाई, पनाछ्याल किनाडा सिचाई कुलो निर्माण कार्यलाई निरन्तरता दिइनेछ। धनातोली देखि धामिगाउँ, भौराडी छडा कोटदेवल रनाडा समदेउ र तल्कोट मेलविसौना देखि सेरुपैल किनाडा सम्मको सिचाई कुलो निर्माण गर्न संभाव्यता अध्ययनका लागि आवश्यक प्रक्रिया अगाडी वढाइनेछ।

३८) मष्टा गाउँपालिकाका किसानहरुले उत्पादित कृषि उपजलाई सुरक्षित राख्न र उत्पादित वस्तुको संरक्षणका लागि प्राकृतिक चिस्यानलाई जोड दिदै आधुनिक तथा व्यवस्थित चिस्यान केन्द्रको निर्माणका लागि प्रदेश र संघमा पहल गरिनेछ।

३९) किसानहरुले उत्पादन गरेका कृषि उपजहरुलाई गाउँघरमै खरिद गर्ने व्यवस्था मिलाइनेछ। त्यसका लागि प्रत्येक वडाहरुमा कृषि उपज संकलन केन्द्रको स्थापना, कृषि एम्वुलेन्स सेवाको संचालन र उक्त केन्द्रमा संकलित कृषि उपजलाई सहकारी तथा कुनै तेस्रो पक्षबाट खरिद र विक्रि वितरण गर्ने व्यवस्था मिलाइनेछ।

४०) भु-क्षय नियन्त्रण तथा पशु आहारालाई टेवा पुऱ्याउने उद्येश्यले खाली रहेको बाँझो जमिन र रोडको छेउछाउको भूमिलाई सदुपयोग गरी विभिन्न बहुबर्षीय घाँस खेतीको विस्तार गर्नुका साथै भूक्षय र पहिरो प्रभावित क्षेत्रहरुमा व्यापक वृक्षारोपण गर्ने लक्ष्य लिएको छ।

४१) दलितहरुको परम्परागत कला र सीपलाई आधुनिकीकरण गर्दै एक घर एक उद्यम, एक दलित वस्ती एक उद्योग (छाला प्रशोधन, मासु वधशाला, टाँक, जुता, फलामे सामग्री, ठेकी भाँडाकुडा उद्योग आदि) संचालन गरिनेछ। उक्त उद्योगबाट उत्पादित वस्तुको बजारीकरणका लागि गाउँपालिकाले सहजीकरण गर्ने नीति लिएको छ।

४२) दलितहरुको परम्परागत सीपको सम्मान स्वरुप दलित सील्पकला कला केन्द्रको स्थापना र संचालन गर्न आवश्यक व्यवस्था गरिनेछ।

४३) मष्टा गाउँपालिकामा वसोवास गर्ने विभिन्न जनआन्दोलन, जनयुद्द घाईते तथा अपाङ्गता भएका व्यक्ति दलित, महिला, अल्पसंख्यक तथा सिमान्तकृत वर्गहरुलाई राज्य सत्ताको मुल प्रवाहमा ल्याउन विभिन्न सीपमूलक तालिम, जनचेतनामूलक कार्यक्रम, आरक्षण कोटाको व्यवस्थापन तथा वर्ग अनुकूल विकास निर्माण कार्यहरु संचालन गर्न आवश्यक बजेटको व्यवस्था गरिएको छ ।

४४) "**मष्टा वासीको सान, स्थानीय उत्पादनको पहिचान"** स्थानीय कृषकको उत्पादनलाई स्थानीय, राष्ट्रिय र अन्तराष्ट्रिय स्तरमा प्रवर्द्धन र वजारीकरणका लागि उपयुक्त स्थानहरुमा मष्टा कोसेली घरको स्थापना र संचालन गरिनेछ । उक्त केन्द्रवाट स्थानीय उत्पादित वस्तुहरुको विक्री वितरण र प्रचार प्रसार गर्ने नीति अवलम्वन गरिनेछ ।

४५) **"हाम्रो नमुना गाउँ, स्वच्छ, सफा र हरियाली वनाऔं**" नारालाई साकार पार्न सार्वजनिक निजी साँझेदारी कार्यक्रम मार्फत **बस्ती सुधार कार्यक्रमहरु संचालन** गरिनेछ । उक्त कार्यक्रम संचालन गर्न गाउँले र गाउँपालिकाको साँझेदारीमा गाउँवस्तीहरुमा ढल, बाटो, खानेपानी, शौचालय, करेसावारी, फुलवारी, सामुदायिक भवन बनाउने नीति लिएको छ ।

४६) स्वदेश तथा विदेशमा रहेका व्यक्तिहरुसँग भएका स्थानीय स्रोतमा आधारित स्वरोजगार सृर्जना गर्ने खालका नविनतम विचारहरुको सदुपयोग गर्न एउटा Innovative Idea Bank स्थापना गरिनेछ । व्यक्ति, समुह, सहकारी, व्यापारी र संघसंस्थाहरुले पेश गरेका उत्कृष्ट विचार तथा अवधारणाहरुको प्रभावकारी कार्यान्वयन गर्ने व्यवस्था मिलाइनेछ ।

४७) गाउँपालिका स्थापना भए देखि नै विभिन्न क्षेत्रमा सीपमूलक तालिम दिइने कार्यलाई निरन्तरता दिइनुका साथै चालु आ.व. मा उक्त तालिम लिएका व्यक्तिहरुको स्तर उन्नती गर्नुका साथै थप जनशक्तिलाई सीपमूलक तालिम दिई दक्ष जनशक्ति वृद्धि गर्न आवश्यक बजेटको व्यवस्था गरिनेछ ।

४८) आजको युग सूचना र संचारको युग हो । सूचना र सञ्चार प्रविधिविना समृद्धिको परिकल्पना गर्न सकिदैन तसर्थ यस क्षेत्रमा इन्टरनेट सहितको सूचना प्रविधिको विकासका लागि सम्वन्धित निकायसँग निरन्तर समन्वय गरी प्रविधि मैत्री गाउँपालिका निर्माणलाई जोड दिइएको छ ।

४९) मष्टा गाउँपालिकाका केही क्षेत्रमा हालसम्म भ्हरि परेको समय, बिहान, बेलुका र रातीको समयमा टेलिफोनको सेवा उपलव्ध नभएको हुदा उक्त क्षेत्रहरुमा टेलिफोन सेवाको प्रभावकारीताका लागि सम्वन्धित निकायसँग समन्वय गरी सो सेवाको उपलव्धता गर्न आवश्यक व्यवस्था मिलाईने छ ।

५०) गाउँपालिकाबाट नागरिकहरुलाई प्रदान गरिने सेवाहरुलाई छिटो, छरितो, पारदर्शि र मितव्ययी तरिकाले सेवा उपलव्ध गराउने उद्देश्यले राजश्व, योजना र लेखाबाट प्रदान गरिने सेवालाई सप्टवयरबाट सेवा प्रदान गर्ने कार्यलाई निरन्तरता दिने र अन्य सप्टवयर खरिद तथा व्यवस्थापनका लागि आवश्यक बजेटको व्यवस्था गरिनेछ ।

५१) पर्यटन क्षेत्रको संरक्षण, सर्म्वद्धन तथा व्यवस्थित गर्न मष्टा गाउँपालिका भित्र रहेका ऐतिहासिक धरोहर, मठ मन्दिरको उचित संरक्षण कार्यलाई निरन्तरता दिंदै यस क्षेत्रको सांस्कृतिक, पर्यटकीय स्थल, स्थानीय कलाकृति, मौलिक साँस्कृतिक परम्परा रीतिरिवाजको जगेर्ना गर्न आवश्यक कार्यक्रमहरु संचालन गरिनेछ ।

५२) ऐतिहासिक तथा पुरातात्विक संम्पदाको संरक्षण, संम्वर्द्धन र व्यवस्थापन गर्दै सरकारी तथा निजी क्षेत्रको साभ्रेदारीमा ढडार मष्टा मन्दिर पुनर्निर्माण महाअभियान संचालन गरिनेछ। साथै गाउँपालिका क्षेत्र भित्रका ऐतिहासिक तथा पुरातात्विक महत्व वोकेका तपोवन र मालिका क्षेत्रलाई पर्यटकिय क्षेत्रको रुपमा विकास गर्ने र स्थानीय तहमा मनाईने सिउरो हरेलो मेलालाई मष्टा गाउँपालिकाको सास्कृतिक तथा धार्मिक पर्वको रुपमा मनाउन आवश्यक पहल गरिनेछ ।

५३) मष्टा गाउँपालिकामा आन्तरिक तथा वाह्य पर्यटन प्रवर्द्धन गर्न स्थानीय संस्कृति, भेषभूषा, मौलिकता र परम्परालाई अर्गानिक घरेलु उत्पादनसँग जोड्दै पर्यटन प्रवर्द्धनका लागी होमस्टे संचालनमा युवाहरुलाई प्रोत्साहन गर्ने नीति लिईनेछ ।

५४) **एक व्यक्ति पाँच रुख, सन्तुलित वातावरण जनतालाई सुख** भन्ने नारालाई साकार पार्न सफा, स्वच्छ र हरियाली वातावरण प्रर्वद्धनका वनको संरक्षण, सम्वर्द्धन, व्यवस्थापन गर्न जैविक ईन्जिनियरिङ्ग पद्धतिबाट व्यापक वृक्षारोपण गरी भूक्षय तथा वाढि पहिरो नियन्त्रण र नाँगा डाडापाखाहरुमा वृक्षारोपण गरी हरियाली वनाउने नीति लिइएको छ ।

५५) गाउँपालिकाले सामुदायिक वनको संरक्षण, सम्वर्द्धन र व्यवस्थापनका लागि जनचेतनाको अभिवृद्धिका साथै वनको नवीकरण गर्ने र वनबाट उत्पादित वस्तुहरुको विक्री वितरणबाट आएको आम्दानीबाट निश्चित प्रतिशत कर उठाउने नीति लिएको छु ।

५६) नागरिकहरुको सुरक्षाका लागि राज्यबाट सामाजिक सुरक्षाको व्यवस्था गरिएको हुदा कोहि पनि नागरिकहरु उक्त सेवाबाट बञ्चित नहुन भन्ने उद्देश्यले समयानुकूल सो तथ्याङ्कहरुलाई अद्यावधिक गर्ने कार्यलाई निरन्तरता दिदै समाजिक सुरक्षा रकम समयमा नै प्राप्त, पारदर्शिता तथा मितव्ययी तरिकाले वितरण गर्न बैंकिङ्ग प्रणाली मार्फत सामाजिक सुरक्षा रकमलाई व्यवस्थित गर्ने नीतिलाई निरन्तरता दिनुका साथै अपाङ्ग र अति अशक्त जेष्ठ नागरिकहरुलाई वडा कार्यालयको सिफारिसमा घरदैलोमा  सामाजिक सुरक्षा भत्ता वितरण गर्ने व्यवस्था मिलाइने छ ।

५७) गाउँपालिका भित्रका ४० देखि ६८ वर्षका विदुर पुरुषहरुका लागि दिइने एकल पुरुष (विदुर) भक्ता उपलव्ध गराउने कार्यलाई निरन्तरता दिइएको छ ।

५८) समाजमा परम्परादेखि जरा गाडि राखेका सामाजिक कुप्रथाहरुलाई निर्मूल गर्नका लागि सचेतनामूलक कार्यक्रम, आवश्यक सामाग्रीको व्यवस्था र समयमै न्यायको उपलव्धता दिने कार्यलाई निरन्तरता दिनुका साथै उक्त कार्यलाई थप प्रभावकारी बनाई सामाजिक कुप्रथालाई पूर्ण रुपमा अन्त्य गर्न आवश्यक बजेटको व्यवस्था गरिनेछ ।

५९) यस गाउँपालिकामा लागु भएका सम्पूर्ण सरकारी तथा गैर सरकारी संघ संस्थाबाट प्रदान गरिने सेवाहरुलाई एकद्वार प्रणालीबाट सेवा प्रदान गरिने व्यवस्थालाई निरन्तरता दिनुका साथै उक्त सेवालाई नागरिकको आवश्यकता अनुरुप भए नभएको आवश्यक मूल्याङ्कन तथा अनुगमन गरी नागरिकहरुलाई छिटो छरितो सेवाको उपभोग गर्ने  व्यवस्था मिलाईने छ ।

६०) शिक्षा, स्वास्थ्य, कृषि, पशु विकास, रोजगारी, आयआर्जनको अवसर, पूर्वाधार निर्माण, विपद् व्यवस्थापन तथा जलवायु परिवर्तन, खानेपानी तथा सरसफाई, वन तथा वातावरण संरक्षण, संस्थागत विकास तथा सुशासन, स्वास्थ्य, पोषण, रोजगरी, सहकारी संस्थाहरुको सवलीकरण तथा स्थानीय उत्पादनको बजारीकरण लगाएतका

कार्यक्रम संचालन गरी भरपर्दो, किफायती र सर्वशुलभ रुपमा सेवा उपलब्ध गराउन विभिन्न सरकारी तथा राष्ट्रिय र अर्न्तराष्ट्रिय गैरसरकारी संस्थाहरुसँगको साझेदारीका माध्यामबाट काम गर्ने वातावरण मिलाईने छ ।

६१) गाउँपालिकाबाट प्रदान गरिने सम्पूर्ण सेवाहरुलाई सेवाग्राही मैत्री बनाउन कर्मचारीहरुलाई चेन अफ कमान्ड मार्फत जनउत्तरदायि, जवाफदेहि, पारदर्शी र मितव्ययी तरिकाले सेवा प्रदान गर्न कर्मचारी आचारसंहिताको पूर्ण रुपमा पालना गर्ने व्यवस्था मिलाईनेछ ।

६२) समृद्ध र सन्तुलित गाउँपालिका विकासका लागि आवश्यकता अनुसार सल्लाहकारहरु, विषय विज्ञ, मेलमिलाप कर्ता, गाउँप्रहरी लगायतका अन्य जनशक्ति नियुक्ति तथा व्यवस्थापन गर्ने नीति लिइएको छ ।

६३) गाउँपालिकाका नागरिकलाई गुणस्तर सेवा प्रदान तथा समायनुकूल विकासका लागि आवश्यकता अनुरुप जनप्रतिनिधि र कर्मचारीहरुको क्षमता विकास गर्न आवश्यक बजेटको व्यवस्था गरिने छ ।

६४) गाउँपालिकाका लागि आवश्यक ऐन, नियम, विनियमावली र कार्यविधि लगायतका कानुनहरुको निर्माण र संशोधन गरी विधिको शासनलाई प्रवर्द्धन गर्दै गाउँपालिकाले प्रवाह गर्ने सेवा तथा सुविधाको प्रभावकारी कार्यान्वयन गर्ने नीति लिइएको छ ।

६५) गाउँपालिका स्थापना भए देखि हालसम्म सञ्चालनमा भएका सम्पूर्ण क्रियाकलापको अभिलेखीकरण गरिनुका साथै आगामी वर्षमा सम्पादन गरिने क्रियाकलापहरुको अभिलेखीकरण गर्ने व्यवस्था मिलाईने छ ।

६६) नागरिकलाई प्रदान गर्ने सेवाको गुणस्तरमा वृद्धि गरी सुशासनयुक्त गाउँपालिका बनाउन नागरिक वडापत्र, सोधपुछ कक्ष, सामुदायिक मेलमिलाप केन्द्रको स्थापना, गुनासो सुनुवाई कक्षको व्यवस्था, सार्वजनिक सुनुवाई तथा हटलाईन संयन्त्रको विकास गर्नका लागि आवश्यक बजेटको व्यवस्था मिलाईनेछ ।

६७) गाउँपालिका भित्र संचालन गर्ने सम्पूर्ण व्यवसायीलाई व्यवस्थित रुपमा संचालन गर्न, करको दायरा वृद्धि र तथ्याङ्कमा अद्यावधिक गर्नका लागि गाउँपालिकामा

अनिवार्यरुपमा दर्ता गरेर मात्र व्यवसायी सञ्चालन गर्ने नीतिलाई निरन्तरता दिइएको छ ।

६८) गाउँपालिकाको अल्पकालीन तथा दिर्घकालीन विकासका लागि आवश्यक रणनीतिक तयार गरी उक्त रणनीतिक परिपुर्तिका लागि आवश्यक बजेटको व्यवस्था गरिनेछ ।

६९) नागरिकलाई सुरक्षाको प्रत्याभूती दिलाई समग्र गाउँपालिकाको प्राकृतिक एवम् मानव निर्मित सम्पति तथा सम्पदाहरुको संरक्षण गर्न रिलुमा प्रहरी चौकी स्थापनाका लागि सम्वन्धित निकायसँग आवश्यक समन्वय गरी उक्त स्थानमा प्रहरी चौकी स्थापना गर्न पहल गर्ने ।

७०) गाउँ कार्यसमितिको हरेक वैठक र विद्यालयमा संचालित दिवा खाजा कार्यक्रममा रैथाने वालीबाट उत्पादिन वस्तुहरुबाट बनेका परिकारहरु उपभोग गर्ने नीति लिइएको छ । साथै मष्टा गाउँपालिका र अर्न्तगत रहेका कार्यालयहरुमा स्थानीय उत्पादनबाट बनेका वस्तुहरुको उपभोग र प्रयोग व्यवस्था मिलाइने छ ।

७१) स्लेट ढुङ्गा, ढुङ्गा, गिट्टी, बालुवा, माटो आदि प्राकृतिक एवं नदीजन्य वस्तुको विक्री तथा निकासी शुल्क दस्तुर संकलन गर्न गाउँपालिकाको क्षेत्रभित्रका बगरहरुको प्रारम्भिक वातावरणीय परीक्षण गरी सो सम्वन्धी आय ठेक्का समेत सम्झौता गरी स्थानीय कर संकलन गर्ने नीति लिईएको छ ।

७२) स्थानीय स्तरमा उपलव्ध ढटेलो र भाङ्गोबाट उत्पादित तेल, चोतोबाट उत्पादित सिन्की, गुन्द्रुक र चाना तथा कोदो र जौबाट उत्पादित वस्तुहरुको व्रान्डिङ्ग, लेवलिङ्ग, गुणस्तर निधारण र बजारीकरण गरी स्थानीय आर्थिकलाई सवलीकरण गर्ने नीति लिएको छ ।

७३) विपन्न समुदाय र वर्गको आर्थिक सशक्तीकरणका लागि नमुना वडा अध्यक्ष कार्यक्रम संचालन गरिनेछ ।

७४) भवन संहिता अनुसार नक्सा पास गरेर मात्र भौतिक संरचना निर्माण गर्ने नीति अवलम्वन गरिनेछ ।

आर्थिक वर्ष २०८०।०८१ का लागि प्रस्तावित नीति तथा कार्यक्रमले समृद्ध, सवल र न्यायपूर्ण गाउँपालिका निर्माण गर्ने हाम्रो सङ्कल्पलाई साकार तुल्याउन महत्वपूर्ण योगदान पुऱ्याउने मेरो विश्वास छ । यस नीति तथा कार्यक्रमको कार्यान्वयनबाट संविधान र संघीयताको प्रभावकारी कार्यान्वयन हुने, उत्पादन, उत्पादकत्व र रोजगारीमा वृद्धि भई स्वाधीन, सवल र आत्मनिर्भर स्थानीय आर्थिक विकास उन्मुख अर्थतन्त्र निर्माण गर्न योगदान पुग्नेछ । नीति तथा कार्यक्रममा सभाका सम्पूर्ण सदस्यहरुको समर्थन र कार्यान्वयनमा सबैबाट सक्रिय सहयोग प्राप्त हुने विश्वास गर्दछु ।

अन्तमा गाउँवस्तीको विकास र परिवर्तनका लागि अग्रपंक्तिमा रहेर सेवा गर्नुहुने उपाध्यक्ष, वडाध्यक्षहरु, कार्यपालिकाका सदस्यहरु, गाउँसभाका सदस्यहरु, कार्यालय प्रमुख लगाएत प्रशासनीक कर्मचारीहरु, शिक्षक, स्वास्थ्यकर्मी, महिला स्वास्थ्य स्वयंसेविका, स्थानीय स्वयंसेवक, सुरक्षाकर्मी, समाजिक संघ संस्था, निजी तथा ब्यवसायिक क्षेत्र, सञ्चारजगत लगायत सम्पूर्ण गाउँवासीको उच्च प्रशंसा गर्दै हार्दिक धन्यवाद व्यक्त गर्दछु ।

धन्यवाद !!!